# स्थानीय राजपत्र

यशोधरा गाउँपालिका द्वारा प्रकाशित

खण्डः ८)		संख्याः ३	मिति : बैशाख २६ गते २०८२


भाग : १

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## यशोधरा गाउँपालिका स्वास्थ्य ऐन, २०७८(दोस्रो संशोधन)२०८२

**प्रस्तावनाः** आकस्मिक स्वास्थ्य सेवा, दुर्घटना, बिपद आदि अवस्थाको बिरामी र घाइते ,गर्भवती तथा सुत्केरी महिलाहरुको आकस्मिक उपचार तथा प्रसुति सेवा, ७५ बर्ष भन्दा माथिका जेष्ठ नागरिक , क  बर्ग का अपागंता भएको ब्यक्ती आदिलाई प्राथमिकताका साथ स्वास्थ्य संस्था सम्म छिटो छरितो पुर्याउनको लागि एम्बुलेन्स सेवा प्रदान गर्न वान्छनीय भएकोले,

यशोधरा गाउँपालिका स्वास्थ्य ऐन २०७८ (पहिलो संशोधन , २०८०) दफा २९ को ब्यवस्था अनुसार यो कार्यबिधीको मस्यौदा एम्बुलेन्स कार्यबिधी २०८२ तर्जुमा समितीले तयार गरि पेश गरेको ।

**प्रस्तावनाः** नेपालको संविधानले प्रत्याभुत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन, गाउँपालिकामा उपलव्ध स्रोत साधनको समुचित प्रयोग गर्दै संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्वास्थ्य सम्बन्धी स्थानीय तहको काम, कर्तव्य र अधिकार कार्यान्वयनका लागी कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ बमोजिम यशोधरा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "यशोधरा गाउँपालिका स्वास्थ्य ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन गाउँसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले यशोधरा गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ख) "अनुगमन समिति" भन्नाले स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मुल्याङ्कन गर्न गठित दफा-१५ बमोजिमको अनुगमन तथा गुणस्तर समितिलाई सम्झनुपर्छ।

(ग) "अतिरिक्त औषधी तथा स्वास्थ्यजन्य सामाग्री" भन्नाले निशुल्क निशुल्क रुपमा उपलब्ध गराईने भनि नेपाल सरकार वा प्रदेश सरकारले तोकेका औषधीहरु र गाउँपलिकाले निशुल्क रुपमा उपलब्ध गराउन थप गरेका औषधीहरु बाहेक अस्पतालको फार्मेसीमा उपलब्ध हुने औषधी तथा स्वास्थ्यजन्य सामाग्रीहरुलाई जनाउँदछ।

(घ) "अत्यावश्यक औषधी" भन्नाले सरकारी स्वास्थ्य सँस्थाबाट आम नागरिकलाई निशुल्क रुपमा उपलब्ध गराईने भनि नेपाल

सरकार वा प्रदेश सरकारले तोकेका औषधीहरु सम्झनु पर्छ र सो शब्दले गाउँपलिकाले स्वास्थ्य सँस्थाबाट निशुल्क रुपमा उपलब्ध गराउन थप गरेका औषधीहरु समेतलाई जनाउँदछ।

(ङ) "आकस्मिक सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, कुनै अंग गुम्न वा अशक्त हुने अवस्थावाट बचाउन आवश्यकता अनुसार तत्कालै दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनुपर्छ।

(च) "आधारभुत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने नेपाल सरकारले तोकेका प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ।सो शब्दले दफा-३ बमोजिम गाउँपालिकाले थप गरेका आधारभुत स्वास्थ्य सेवालाई समेत जनाउनेछ।

(छ) "उपाध्यक्ष" भन्नाले यशोधरा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ज) "ऐन" भन्नाले यशोधरा गाउँपालिकाको स्वास्थ्य ऐन, २०७८ लाई सम्झनुपर्छ।

(झ) "कार्यपालिका" भन्नाले यशोधरा गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ञ) "गैह्र सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्वीकृति लिई गैह्र सरकारी वा निजी वा सहकारी क्षेत्रको लगानी तथा स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्छ र सो शब्दले सामुदायीक वा गुठी वा ट्रष्ट मार्फत संचालित गैरनाफामुलक स्वास्थ्य संस्थालाई समेत जनाउँछ।

(ट) "गाउँपालिका" भन्नाले यशोधरा गाउँपालिका सम्झनु पर्छ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यशोधरा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ढ) "सरकारी स्वास्थ्य संस्था" भन्नाले यशोधरा गाउँपालिका क्षेत्रभित्र गाउँपालिका, प्रदेश सरकार र नेपाल सरकारले संचालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शव्दले कानून बमोजिम स्थापना भएका स्वसाशित संगठित संस्था मातहतमा संचालित प्रतिष्ठान शिक्षण अस्पताललाई समेत जनाउनेछ।

(ण) "सेवाग्राही" भन्नाले स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ।

(त) "सेवा प्रदायक" भन्नाले मान्यताप्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित

परिषद्बाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता वा महिला स्वास्थ्य स्वयंसेविका सम्झनुपर्छ र सो शव्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

(*थ*) "स्वास्थ्य निर्देशक समिति" भन्नाले ऐनको दफा-१४ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य समितिलाई सम्झनु पर्दछ ।

(*द*) "स्वास्थ्य शाखा" भन्नाले यशोधरा गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागी तोकेको शाखा सम्झनुपर्छ ।

(*ध*) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापित सामुदायिक वा गैरसरकारी वा निजी वा सहकारी वा गैर नाफामुलक रुपमा स्थापना भएका स्वास्थ्य संस्थालाई समेत जनाउने छ।

(*न*) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा-६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

## <u>आधारभूत स्वास्थ्य सेवा तथा सेवा प्रदायक</u>

**३. <u>आधारभूत स्वास्थ्य सेवा</u>:** (१) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच हुनेछ।

(२) प्रत्येक नागरिकलाई देहायका विषयसँग सम्बन्धित तोकिएका आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध हुनेछ-

(क) खोपसेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरूवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अवस्थाका सेवा,

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकार वा प्रदेश सरकारले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा ।

(३) उपदफा (२) बमोजिमका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा कार्यपालिकाले राजपत्रमा सुचना प्रकाशित गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र अवस्था अनुसार अन्य स्वास्थ्य सेवा समेत तोकिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

(५) आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन कार्यपालिकाले गर्नेछ।

४. **<u>आधारभुत स्वास्थ्य सेवा प्रदायक</u>**ः

(१) गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका सरकारी स्वास्थ्य संस्था तथा समूदायमा आधारित स्वास्थ्य कार्यक्रम मार्फत आधारभुत स्वास्थ्य सेवा  सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बाहेक नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेका स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा आधारभुत स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।

(३) आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार गाउँपालिकाले संघ तथा प्रदेश मातहतका स्वास्थ्य संस्थासंग साझेदारी गर्न सक्नेछ।

## परिच्छेद-३

## <u>स्वास्थ्य संस्था स्थापना, संचालन तथा व्यवस्थापन</u>

५. **<u>स्वास्थ्य संस्था स्थापना</u>**ः (१) आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागी  गाउँपालिकाले स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम मामदण्ड तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था स्थापना गर्दा गाउँपालिकाले आवश्यकता र औचित्यता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था र

गाउँपालिकामा कम्तिमा एक आधारभूत अस्पताल रहने गरी स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिकाले स्वास्थ्य सेवा सुलभ र सहज रुपमा संचालन गर्न स्वास्थ्य सेवालाई एकिकृत रुपमा संचालन गर्न सक्नेछ।

(५) गाउँपालिकाले हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको प्रचलित मापदण्ड बमोजिम स्तरोन्ती गरी सञ्चालन गर्न सक्नेछ ।

(६) स्वास्थ्य संस्था स्थापना गर्दा गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ।

(७) गाउँपालिकाभित्र संचालित सरकारी अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक औषधी निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिमका अत्यावश्यक औषधी बाहेक अस्पतालबाट स्वास्थ्य सेवा प्रदान गर्दा आवश्यक अतिरिक्त औषधी तथा स्वास्थ्यजन्य सामाग्रीहरु अस्पतालले आफ्नै फार्मेसी मार्फत सुपथ मूल्यमा उपलब्ध गराउन सक्नेछ।

६. संशोधन **स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापनः**

गाउँपालिकाको स्वामित्वमा संचालन भइरहेका वा स्थापना भएका अस्पतालको संचालन तथा व्यवस्थापनको लागी ११ सदस्य रहने गरि अस्पताल संचालन तथा व्यवस्थापन समिति हुनेछ ।

गाउँपालिका अध्यक्ष - अध्यक्ष

आधारभुत अस्पताल रहेको वडाको वडा अध्यक्ष - उपाध्यक्ष

गाउँपालिकाभित्र वसोवास गर्ने प्रतिष्ठित

समाजसेवी मध्येवाट गाउँपालिका अध्यक्षले

तोकेको व्यक्ति ३ जना (१ जना महिला

सहित)  - सदस्य

गाउँपालिकाभित्र वसोवास गर्ने प्रतिष्ठित

समाजसेवी मध्येवाट समितीको  उपाध्यक्षले

तोकेको व्यक्ति १ जना

-सदस्य

प्रमुख प्रशासकीय अधिकृत

-सदस्य

प्रशासन शाखा  प्रमुख

-सदस्य

आर्थिक प्रशासन शाखाबाट १ जना

-सदस्य

स्वास्थ्य शाखाबाट १ जना

-सदस्य

मेडिकल सुपरिटेण्डेन्ट/अस्पताल प्रमुख

(स्थायी कर्मचारी)        -सदस्य सचिव

(२) उपदफा (१) बाहेकका गाउँपालिकाको स्वामित्व रहेका अन्य सरकारी स्वास्थ्य संस्थाको संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ;-

(क) स्वास्थ्य संस्था रहेको सम्वन्धित वडाको अध्यक्ष- अध्यक्ष

(ख) स्वास्थ्य संस्था रहेको वडामा वसोवास गर्ने स्थानीय समाजसेवी मध्ये कार्यपालिकाले तोकेको व्यक्ति -उपाध्यक्ष

(ग) वडाको महिला सदस्यहरु मध्येबाट एकजना - सदस्य

(घ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयका कार्यकारी अधिकारी - सदस्य

(ङ) स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख वा प्राचार्य मध्येबाट एक र महिला शिक्षिका मध्येबाट एक गरी समितिले मनोनित गरेका दुई जना- सदस्य

(च) सामाजिक वा स्वास्थ्य वा शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये कार्यपालिकाले तोकेका कम्तिमा एक महिला सहित दुइ जना- सदस्य

(छ) स्थानीय उद्योग वा व्यापार संघको प्रतिनिधि एक जना- सदस्य

(ज) महिला स्वास्थ्य स्वयंसेविका मध्येवाट समितिले मनोनित गरेका एक जना- सदस्य

(झ) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख- सदस्य सचिव

(३) समितिले दलित, जनजाति, अपांगता भएका, जेष्ठ नागरिक, किशोर किशोरी मध्येबाट एक-एक जना व्यक्तिलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिमका स्वास्थ्य संस्थाको व्यवस्थापन समितिमा गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष संरक्षक रहनेछन।

(६) समिति सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**७. <u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>ः** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,-

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रबाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्वास्थ्य संस्थाबाट गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने।

(ग) स्वास्थ्य सेवाको पहुँचवाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने ।

(घ) भूगोल, अल्पसंख्यक, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपांगता, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्येनजर राखी स्वास्थ्य संस्थाको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

(ङ) स्वास्थ्य संस्थाको व्यवस्थापन र सञ्चालनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने।

(च) स्वास्थ्य संस्थाबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने।

(छ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(ज) अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(झ) स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको क्षमता विकास र एवं बृत्ति विकासको लागि आवश्यक कार्य गर्ने।

(ञ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र

स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ट) स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्ने एवं सम्पत्तिको संरक्षण गर्ने, गराउने। स्वास्थ्य संस्थाको भौतिक संरचना तथा मर्मत संभारको ब्यवस्थापन गर्ने। स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, गर्ने ।

(ठ) स्वास्थ्य संस्थाबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ड) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ढ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ण) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(त) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका गाउँपालिका स्वास्थ्य समिति र स्वास्थ्य शाखासंग आवश्यक समन्वय गर्ने ।

(थ) अघिल्लो वैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(द) गाउँपालिकाले वनाएको आवधिक कार्यक्रम कार्यन्वयन, अनुगमन, समीक्षा र स्वास्थ्य संस्थाको आवधिक तथा वार्षिक प्रगति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्ने।

(ध) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(न) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु र गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

८. **पदाधिकारीहरुको पदावधिः** (१) व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि नियुक्त  भएको मितिले पाँच वर्षको हुनेछ ।

तर पदाधिकारीको पदावधि बाँकी रहँदै सम्बन्धित स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ ।

(२) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर पदेनको हकमा यो प्रावधान लागु हुने छैन ।

९. **पद रिक्त हुनेः** निम्न अवस्थामा पदाधिकारी तथा सदस्यहरुको पद रिक्त हुनेछ;

(क) मृत्यु भएमा,

(ख) राजिनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको वैठकमा अनुपस्थित भएमा ।

(घ) फौजदारी अभियोग लागेमा।

(घ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा ।

१०. **कोष तथा खाता सञ्चालनः** (१) अस्पताल व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको संचालन गाउँपालिकाको लेखा प्रणालीमा सामञ्जस्यता हुने गरि छुट्टै बैंक खातामार्फत हुनेछ।

(३) संशोधन उपदफा (२) बमोजिम रहेको बैंक खाता मेडिकल सुपरिटेण्डेन्ट वा अस्पताल प्रमुख र गाउँपालिकाको आर्थिक प्रशासन शाखाबाट १ जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(४) उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**११. स्वास्थ्य संस्था संचालन इजाजतपत्र लिनुपर्ने** : (१) नेपाल सरकारले निर्धारण गरेको न्युनतम मापदण्डका साथै गाउँपालिकाले तोकेको प्रक्रिया पुरा गरी गाउँपालिका क्षेत्रभित्र देहायबमोजिमका निजी, गैरसरकारी, सामुदायिक, सहकारी वा गैरनाफामुलक संस्थालाई स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछ;

(क) १५ शैय्या सम्मको अस्पताल
(ख) स्वास्थ्य क्लिनिक, आयुर्वेदिक क्लिनिक, सेवारिग्पा (आम्ची) क्लिनिक, होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरू
(ग) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र, प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारिरीक व्यायम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरू
(घ) जेरियाट्रिक परामर्श केन्द्र
(ङ) "डी" र "ई" वर्गका प्रयोगशाला
(च) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि संस्था संचालन वा सेवा उपलब्ध गराउन पाउने छैन ।

(३) यो ऐन जारी हुनुअघि गाउँपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएपछि कार्यपालिकाले तोकेको प्रकृया बमोजिम यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र इजाजतपत्रका लागि निवेदन दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालन इजाजतपत्र लिन वा नवीकरण गर्न कार्यपालिकाले तोके बमोजिमको मा दरखास्त दिनु पर्नेछ।

(५) उपदफा(४) बमोजिमका स्वास्थ्य संस्थाले प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा दफा-१५ बमोजिमको अनुगमन समितिले जाँचबुझ गरी वा गराई कार्यपालिकालाई सिफारिस गर्नेछ।

(६) उपदफा(५) बमोजिम अनुगमन गर्दा मापदण्ड पुरा गरेको पाइएमा कार्यपालिकाले स्वास्थ्य संस्था तथा सेवा संचालन सम्बन्धमा आवश्यक सर्त तोकी तोकिए बमोजिमको ढाँचामा संचालन इजाजतपत्र दिन सक्नेछ।

(७) स्वास्थ्य संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र कार्यपालिकाले तोके बमोजिमको विवरण सहितको स्वमुल्याङ्कन प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा गाउँपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा कार्यपालिकालाई अग्रिम जानकारी गराउनुपर्ने छ।

(९) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाको बखत कुनै निकायबाट अनुमति लिई संचालनमा रहेका स्वास्थ्य संस्थाले यस ऐन र प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गर्न समय माग गरेमा कार्यपालिकाले त्यस्तो स्वास्थ्य संस्थालाई

औचित्य हेरी बढीमा छ महिनाको समायावधी दिन सक्नेछ। सो अवधिभित्र इजाजतपत्र नलिने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ।

(१०) स्वास्थ्य संस्था तथा सेवा संचालन अनुमति र इजाजतपत्र सम्बन्धि अन्य व्यवस्था र मापदण्ड नेपाल सरकार र प्रदेश सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड अनुरुप कार्यपालिकाले तोक्नेछ।

(११) उपदफा (१०) बमोजिमको मापदण्ड नबनेसम्मका लागि स्वास्थ्य संस्था तथा सेवा संचालन अनुमति, इजाजतपत्र र नवीकरण सम्बन्धी अन्य व्यवस्था र मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ।

(१२) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका अन्तर्गत संचालित सरकारी स्वास्थ्य संस्थाले इजाजत अनुमति लिनुपर्ने छैन तर प्रचलित कानून बमोजिमको न्यूनतम सेवा मापदण्ड भने पुरा गरेको हुनुपर्नेछ।

**१२. <u>दर्ता सिफारिस लिनुपर्नेः</u>** (१) गाउँपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई दर्ता भई संचालन हुने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले स्थापना तथा संचालन र नवीकरणको लागि कार्यपालिकाबाट सेवा संचालन पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिश लिनुपर्नेछ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले समेत प्रचलित मापदण्ड बमोजिम आफ्नो स्वास्थ्य संस्थामा दश प्रतिशत संख्यामा अनिवार्य रुपमा गाउँपालिकाले सिफारिस गरेका असहाय, गरिव तथा विपन्न नागरिकको निःशुल्क उपचार गर्नुपर्नेछ।

## परिच्छेद-४

## <u>योजना, अनुगमन तथा गुणस्तर</u>

१३. **<u>स्वास्थ्य योजना तथा कार्यक्रम संचालन गर्ने</u>:** (१) कार्यपालिकाले नेपाल सरकार र प्रदेश सररकारको स्वास्थ्य योजना अनुकुल हुनेगरी गाउँपालिकाको स्वास्थ्य सम्बन्धी लक्ष्य निर्धारण गरी योजना निर्माण, कार्यन्वयन, मुल्याङ्कन तथा समिक्षाको कार्यतालिका बनाई स्थानीय आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरू संचालन गर्नेछ ।

(२) कार्यपालिकाले योजना बनाई गाउँपालिका क्षेत्रभित्र कुपोषणको पहिचान, न्युनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनर्स्थापनाको कार्यक्रम संचालन गर्नेछ।

१४. **<u>स्वास्थ्य निर्देशक समिति</u>:** (१) गाउँपालिकाले स्वास्थ्य क्षेत्रको नीति, रणनीति, योजना निमार्ण, समन्वय तथा कार्यन्वयन गर्न निम्न बमोजिमको गाउपलिका स्वास्थ्य निर्देशक समिति गठन गर्नेछ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(घ) सामाजिक विकास समिति संयोजक —सदस्य

(ङ) स्वास्थ्य कार्यालय प्रमुख वा नीजले तोकेको अधिकृत प्रतिनिधी- सदस्य

(च) स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्ष मध्ये कार्यपालिकाले तोकेका एक जना — सदस्य

(छ) कार्यपालिका सदस्यहरु मध्येवाट गाउँपालिका अध्यक्षले तोकेको एक जना दलित महिला सहित दुई जना - सदस्य

(ज) गाउपालिकाको स्वामित्वमा रहेको अस्पतालको प्रमुख वा मेडिकल सुपरिटेण्डेन्ट - सदस्य

(झ) स्वास्थ्य क्षेत्रमा कार्यरत निजी वा गैह्रसरकारी स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले तोकेको एक जना- सदस्य

(ञ) स्वास्थ्य शाखा प्रमुख- सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

*(क)* गाउँपालिकामा जनस्वास्थ्य सुरक्षा, प्रवर्द्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

*(ख)* स्वास्थ्यका बृहत सामाजिक निर्धारकहरुलाई सम्बोधन गर्न गाउँपालिकाका अन्य सबै नीतिहरुमा स्वास्थ्य नीति अवलम्वन गर्न गराउन आवश्यक कार्य गर्ने गराउने,

*(ग)* स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(घ) स्वास्थ्य संस्था स्थापना र सेवा विस्तारको आवश्यकताको एकीन गरी स्वास्थ्य संरचना तथा सेवा विस्तारको लागी कार्यपालिकालाई सुझाव दिने,

(ङ) राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(च) जनस्वास्थ्य सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीय स्तरमा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन दिने,

(छ) रोगहरुको रोकथाम, प्रबर्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धि कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकार सँग आवश्यक सहयोग तथा परामर्श लिने,

(ज) गाउँपालिकाको क्षेत्राधिकार भित्रको स्वास्थ्य सेवाको तथ्याङ्कहरु विश्लेषण गरि गाउँपालिकाको आवश्यकतामा आधारित भएर स्वास्थ्य सम्बन्धि बार्षिक तथा आवधिक योजनाहरु तयार गर्ने ।

(झ) गाउँपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चितताको योजना तयार गर्ने,

(ञ) स्वास्थ्य सेवाको पहँचु भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने,

(ट) गाउँपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चितताको योजना तयार गर्ने र आवश्यक राय सुझाव सहित कार्यपालिकालमा पेश गर्ने,

(ठ) स्वास्थ्य क्षेत्रको विकास र विस्तारमा आवश्यकता अनुसार राय सुझाव र सल्लाह दिने,

(ड) गाउँपालिकामा स्वास्थ्य क्षेत्रमा कार्यरत स्थानीय निजी तथा गैहसरकारी संघ संस्थाहरुसंग समन्वय तथा आवश्यक साझेदारीका उपायहरू खोज्ने,

(ढ) जन स्वास्थ्यसंग जोडिएका अन्य क्षेत्रहरूसंग समन्वय गरी एकिकृत रुपमा जनस्वास्थ्यका योजना र कार्यक्रम तर्जुमा गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ण) स्वास्थ्य सेवासँग सम्बन्धित विषयमा अनुसन्धान गर्न गराउन आवश्यक समन्वय र सहजीकरण गर्ने,

(त) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

(३) समितिले स्वास्थ्य संस्थाको पूर्वाधार, स्थापना एवं स्तरोन्नतिको प्रयोजनको लागि वा स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप-समिति गठन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमका समिति वा उप-समिति गठन गर्दा कार्यपालिकाले प्रादेशिक स्वास्थ्य कार्यालय, अस्पताल वा जिल्लास्थित सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई सदस्यका रुपमा मनोनित गर्न सक्नेछ।

(५) समितिको बैठक कम्तिमा ४ महिनाको एक पटक बस्नुपर्नेछ।

(६) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

**१५. अनुगमन तथा गुणस्तर समितिः** (१) स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मुल्याङ्कन गर्न गाउँपालिकाले देहाय बमोजिमको अनुगमन समिति गठन गर्नेछ।

(क) गाउँपालिका उपाध्यक्ष- संयोजक

(ख) सामाजिक विकास समिति संयोजक- सदस्य

(ग) कार्यपालिकाले तोकेको एक जना मेडिकल अधिकृत- सदस्य

(घ) स्वास्थ्य शाखामा कार्यरत प.हे.न वा कार्यपालिकाले तोकेको एक जना नर्सिङ् प्रतिनिधि- सदस्य

(ङ) स्थानीय उपभोक्ता हित संरक्षणको क्षेत्रमा क्रियाशिल संस्थाको प्रतिनिधि एक जना- सदस्य

(च) सुरक्षा निकायका प्रतिनिधि- सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख- सदस्य सचिव

(२) अनुगमन समितिले दफा-११ बमोजिम संचलान अनुमति लिई गाउँपालिका क्षेत्रभित्र संचलानमा रहेका र गाउँपालिकाले आफैं संचालन गरेका प्रत्येक स्वास्थ्य संस्थाको वर्षमा कम्तिमा दुई पटक अनिवार्य अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्नेछ ।

(३) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समितिले जुनसुकै वेला निरीक्षक खटाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गर्दा विज्ञ आवश्यक भएमा सम्बन्धित विषयका प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासंग सहकार्य गर्न सक्नेछ ।

(५) अनुगमनका क्रममा मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ ।

(६) उपदफा (५) बमोजिम अनुगमन समितिले गरेको कारवाही सिफारिसमा आफ्नो राय समेत उल्लेख गरी अन्तिम निर्णयको लागि कार्यपालिकामा पेश गर्नेछ ।

(७) निरीक्षण तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ र सो संस्थाले मापदण्डहरुको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा संस्था बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ ।

(८) गाउँपालिका स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) समितिको बैठक तथा अन्य व्यबस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**१६.** <u>**सेवा शुल्क निर्धारण र पुनरावलोकन**</u> : (१) गाउँपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुसार गाउँपालिकाभित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा(१)को प्रतिकूल नहुनेगरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई कार्यपालिकालाई पूर्व जानकारी गराउनु पर्नेछ ।

(३) स्वास्थ्य संस्थाले सेवा शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नुपर्नेछ ।

## परिच्छेद — ५

## <u>स्वास्थ्य जनशक्ति, पूर्वाधार, औषधी तथा स्वास्थ्य कोष सम्बन्धी व्यवस्था</u>

**१७. <u>जनशक्तिको व्यवस्थापन</u> :**(१) गाउँपालिका भित्रका स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ।

(क) स्थायी- नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवावाट पदपुर्ति हुने स्थायी जनशक्ति

(ख) करार - करार सेवामा भर्ना गरिएका जनशक्ति

(ग) अभ्यासकर्ता- छात्रवृति प्राप्त गरि अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा गाउँपालिकाको पूर्ण वा आंशिक रुपमा सहयोग प्राप्त गरी अध्ययन गरेका विद्यार्थी

(घ) स्वास्थ्य अभियानकर्ता/महिला स्वास्थ्य स्वयंसेविका/स्वयं सेवक

(२) कार्यपालिकाकाले प्रचलित कानून बमोजिम स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति स्थायी कर्मचारीबाट पदपूर्ति गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थायी पदपूर्ति हुन नसकेको अवस्थामा कार्यपालिकाकाले प्रचलित कानून बमोजिम स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति करार कर्मचारीबाट पदपूर्ति गर्ने सक्नेछ।

(४) कार्यपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(५) प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवाको कुनै कर्मचारीलाई एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थाको समान पदमा सरुवा गर्न वा काम काजमा खटाउन सक्नेछ।

(६) उपदफा (४) बमोजिम कर्मचारीको सरुवा गर्दा लिइने आधार तथा मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(७) उपदफा (४) बमोजिम काम गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा काजमा खटाउँदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकुल प्रभाव नपर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८) स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरूको योग्यता, नियुक्तिको प्रकृया, सेवासुविधा र तालिम सम्वन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि वनाई व्यवस्थित गरिनेछ ।

(९) स्वास्थ्य जनशक्तिको सेवा सुविधा तथा अन्य व्यवस्था स्थानीय सेवा ऐन बमोजिम हुनेछ।

(१०) उपदफा (८) बमोजिमको स्थानीय सेवा ऐन नबनेसम्मका लागि प्रचलित कानुन बमोजिम जनशक्ति व्यवस्थापन हुनेछ ।

(११) स्वास्थ्य संस्था प्रमुख तहगत जेष्ठता र स्वास्थ्य शाखाको सिफारिसमा ब्यवस्थापन गरिनेछ ।

तर, स्वास्थ्य जनशक्ति व्यवस्थापन, प्रोत्साहन र उत्प्रेरणाको लागि प्रचलित सेवा सुविधाका अतिरिक्त आवश्यकता र कार्य क्षमताका आधारमा थप सेवा सुविधा उपलब्ध गराउन यस दफाले कुनै वाधा पुऱ्याउने छैन।

१८. **<u>सेवा करार गर्न सकिनेः</u>** गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक वा अन्य स्वास्थ्यकर्मीको पद स्थायी पदपुर्ती नभएसम्म प्रचलित कानून र मापदण्ड अनुसार सेवा करार गरी वा करार सेवामा नियुक्ति गरी कामकाज लागाउन सक्नेछ।

१९. **<u>कार्यसम्पादन करार गर्नुपर्नेः</u>** (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले कर्मचारीहरूसंग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्नेछ।

(२) गाउँपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(३) कार्यसम्पादन करार अनुसार काम भए नभएको सम्बन्धमा कार्यपालिकाले कर्मचारीको कार्यक्षमताको मुल्याङकन गरि राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्न सक्नेछ।

२०. **<u>खरीद योजना बनाउनु पर्नेः</u>** (१) आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी  तथा स्वास्थ्यजन्य सामाग्रीको खरीद तथा व्यवस्थापन गर्न बार्षिक खरीद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) बार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरीद इकाईले तयार गर्नेछ।

(३) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले बहुवार्षिक खरीद योजना बनाउन सक्नेछ।

२१. **<u>औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरीदः</u>** (१) औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदका लागि स्वास्थ्य शाखाले प्रक्रिया अगाडी बढाउने छ।

(२) औषधी तथा स्वास्थ्यजन्य समाग्रीको खरिद कार्य सार्वजनिक खरीद ऐन,२०६३, सार्वजनिक खरीद नियमावली, २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

२२. **<u>औषधी तथा स्वास्थ्य जन्य सामाग्रीको भण्डारणः</u>** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि तोकिएको मापदण्ड पुरा हुने गरि छुट्टै भण्डारण कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(२) गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी बितरण सम्वन्धी विस्तृत बिवरण

सम्वन्धित स्वास्थ्य संस्थाले त्रैमासिक रुपमा सार्वजनिक गर्ने र स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

२३. <u>**स्वास्थ्य पुर्वाधार र मापदण्ड**</u> **:** (१) कार्यपालिकाले आफ्नो स्वामित्वमा रहेका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धि भौतिक पूर्वाधारको संरक्षण र सम्वर्द्धन गर्नेछ ।

(२) नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य संस्थाको वर्गिकरण र प्रचलित स्वास्थ्य पुर्वाधार मापदण्ड बमोजिम कार्यपालिकाले स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण गर्नेछ।

(३) नेपाल सरकारको प्रचलित मापदण्डको प्रतिकुल नहुने गरी कार्यपालिकाले न्युनतम पुर्वाधार मापदण्ड वनाई स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण, विस्तार तथा मर्मत सम्भार गर्न सक्नेछ।

(४) कार्यपालिकाले आफ्नो स्वामित्व रहेका स्वास्थ्य संस्थाहरूमा मापदण्ड अनुसार न्युनतम औजार-उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ ।

(५) स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण, विस्तार तथा व्यवस्थापनका लागि गाउँपालिकाले नेपाल सरकार, प्रदेश सरकार र निजी संस्थासंग समेत साझेदारी गर्न सक्नेछ।

२४. <u>**गाउँपालिका स्वास्थ्य कोषः**</u> (१) गाउँपालिकामा स्वास्थ्य भौतिक पूर्वाधारको मर्मत सम्भार गर्न, आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न र तोकिए बमोजिमका अन्य जनस्वास्थ्यका क्षेत्रमा खर्च गर्न सक्ने गरि छुट्टै स्वास्थ्य कोष स्थापना गरि संचालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -६

## <u>आकस्मिक स्वास्थ्य सेवा र जनस्वास्थ्य आपतकाल</u>

२५. **<u>आकस्मिक सेवाबाट बन्देज नगरिने</u>**: (१) गाउँपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन।

(२) विरामीको जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको दायित्व र कर्तव्य हुनेछ ।

(३) आकस्मिक स्वास्थ्य सेवा सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **<u>आपतकालिक स्वास्थ्य सेवा</u>**: (१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदको पुर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ ।

(२) कार्यपलिकाले आपतकालिन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद तथा प्रतिकार्य योजना तयार गरी लागु गर्नेछ ।

(३) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुराउन द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकीय समुह परिचालन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकिय समुहको गठन, परिचालन तथा श्रोत व्यवस्थापन सम्बन्धि व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) गाउँपालिकाले विपद व्यवस्थापन केन्द्र स्थापनका तथा संचालन गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम विपद व्यवस्थापन केन्द्र संचालन गर्दा नजिकका अन्य स्थानीय तहसंग समेत संयुक्त रुपमा संचालन गर्न सक्नेछ ।

२७.**संक्रामक रोगको व्यवस्थापनः** (१) संक्रामक रोगबाट प्रभावित भएको लागेमा सम्बन्धित व्यक्ति वा निजको नजिकको आफन्तले स्थानीय स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सो को जानकारी दिनु पर्नेछ ।

(२) कुनै व्यक्ति संक्रामक रोगबाट प्रभावित भइ उपचार गर्न आएमा अविलम्ब सो को जानकारी कार्यपालिकालाई दिनु सम्बन्धित चिकित्सक वा स्वास्थ्य कर्मीको दायित्व र जिम्मेवारी हुनेछ ।

(३) कार्यपालिकाले प्रभाव क्षेत्र निक्यौंल गरी रोगको रोकथाम र न्युनिकरणका लागि आवश्यक सतर्कता अपनाउन, जनशक्ति परिचालन गर्न र थप क्षति हुन नदिन स्थानीय स्रोत साधन परिचालन गर्न र सार्वजनिक सुचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(४) रोगको रोकथाम र नियन्त्रका लागि कार्यपालिकाले अवलम्बन गरेका योजना कार्यान्वयन गर्नु र आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(५) उपदफा (३) बमोजिम रोग रोकथाम र नियन्त्रण गर्न सहयोगको लागि गाउँपालिकाले अन्य स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारसंग अनुरोध र समन्वय गर्नेछ।

(६) संक्रमित व्यक्तिहरूको व्यक्तिगत जानकारी र सेवा अभिलेखको गोपनियता सुनिश्चित गर्नु सेवा प्रदायक र स्वास्थ्य संस्थाको प्रमुख दायीत्व हुनेछ ।

२८. **जनस्वास्थ्य आपतकाल** : (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा गाउँपालिका प्रमुखले प्रदेश तथा संघीय सरकारसंग समन्वय गरी आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति

समयका लागि हो सो र कुन कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(४) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जारी गरेका जनस्वास्थ्य सम्बन्धि आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(५) जनस्वास्थ्य आपतकाल घोषणा भएको अबस्थामा कार्यपालिकाले जुनसुकै वखत निजी, गैरसरकारी सहकारी, गैर नाफामुलक, सामुदायीक वा अन्य स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन, संचालन गर्न, त्यस्तो स्वास्थ्य संस्थाबाट सम्बन्धित स्वास्थ्य सेवा उपलब्ध गर्न लगाउन र स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई परिचालन गर्न वा गराउन सक्नेछ।

(६) गाउँपालिकाले महामारी र आपतकलिन अवस्थामा थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि विभिन्न संघसंस्था अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसंग अनुरोध गर्न सक्नेछ।

(७) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ।

(८) जनस्वास्थ्य आपतकाल सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

२९. **एम्बुलेन्स तथा शव वाहन सेवा**ः (१) गाउँपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासंगको सहकार्यमा प्रचलित मापदण्ड बमोजिम एम्बुलेन्स तथा शववाहान सेवा संचालन गर्न सक्नेछ।

(२) गाउँपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्स तथा शववहान संचालन गर्ने संघ संस्थाले

संचालन अनुमतिका लागी कार्यपालिकाको सिफारिस लिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम संचालन अनुमति पाएका एम्बुलेन्स तथा शववहानले वार्षिक रुपमा कार्यपालिकामा दर्ता तथा वार्षिक नविकरण गराउनुपर्नेछ।

(४) गाउँपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्स तथा शववहान मापदण्ड अनुरूप भए नभएको अनुगमन दफा-१५ बमोजिमको अनुगमन समितिले गर्नेछ।

(५) गाउँपालिकाले अन्य स्थानीय सरकारसंगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ।

(६) एम्बुलेन्स तथा शववाहन संचालन सम्बन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि बनाई लागु गर्नेछ।

## परिच्छेद- ७

## सेवाग्राहीको कर्तव्य, सेवा प्रदायकको दायित्व र गुनासो व्यवस्थापन

३०. **सेवाग्राहीको कर्तव्य** : (१) प्रचलित कानूनले स्वास्थ्य संस्थामा वा स्वास्थ्यकर्मीसँग सेवा लिने सेवाग्राहीले पालन गर्नुपर्ने भनी तोकिएका कर्तव्यका अतिरिक्त सेवाग्राहीको अन्य कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु तथा राय सुझाव ग्रहण गर्ने,

(ख) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने, योग, ध्यान, शारीरिक व्यायाम गर्ने तथा नियमित स्वास्थ्य परीक्षण गर्ने,

(ग) स्वास्थ्य सेवा प्राप्त गर्ने व्यक्तिले स्वास्थ्य संस्थाको आचारसंहिता तथा नियमको पूर्ण पालना गर्ने र स्वास्थ्य

संस्थाबाट प्रदान गरिने सेवा उपभोग गर्ने,

(घ) स्वास्थ्य सेवा लिँदा स्वास्थ्यकर्मीलाई आफ्नो स्वास्थ्य अवस्थाको यथार्थ जानकारी उपलव्ध गराउने,

(ङ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने,

(च) सिफारीस गरिएको आंशिक वा पूरा उपचार लिन अस्वीकार गरेको अवस्थामा वा अन्य स्वास्थ्य संस्थामा रिफर गरेमा तोकिएको प्रक्रिया पूरा गर्ने,

(छ) स्वास्थ्य संस्थाले रिफर गरेको स्वास्थ्य सेवा लिने,

(ज) आफ्नो बासस्थानभित्र, बाहिर र वरपरको वातावरण सफा राख्ने,

(झ) स्वास्थ्यकर्मीले तोके बमोजिमको आहार व्यवहार अवलम्वन गर्ने,

(ञ) सरकारले तोके बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रममा समावेश हुने।

**३१. संरक्षक तथा अभिभावकको उपचार गराउने दायित्व हुनेः** परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व स्वीकार गरिएको कुनै पनि व्यक्ति बिरामी भएमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य संस्थामा लैजानु, उपचार गराउनु, उपचार खर्च व्यहोर्नु र उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु अभिभावक, परिवारका सदस्य, संरक्षक तथा संरक्षकत्व स्वीकार गरिएको व्यक्तिको दायित्व हुनेछ।

**३२. सेवा प्रदायकको दायित्वः** (१) सेवाग्राहीलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु तथा उपचार सम्बन्धी

जानकारी उपलब्ध गराउनु स्वास्थ्य सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव गर्न पाइने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्नसक्नेछ ।

(५) स्वास्थ्य संस्थामा उपचार तथा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सेवा प्रदायकको कर्तव्य हुनेछ ।

३३. **स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने**ः स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन ।

३४. **गुनासो व्यवस्थापन**ः (१) कार्यपालिकाले स्वास्थ्य सेवा र जनस्वास्थ्यसंग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोक्नेछ।

(२) सवै स्वास्थ्य संस्थाले सवैले देख्ने ठाउँमा उजुरी पेटीका राख्ने र नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३)सवै स्वास्थ्य संस्थाले तोकिए बमोजिमको नागरिक बडापत्र राखी सोही अनुसार सेवाको सुनिश्चितता गर्नुपर्नेछ।

(४)सवै स्वास्थ्य संस्थाले विरामीलाई सहज रुपमा जानकारी र सुचना प्रदान गर्न सोधपुछ कक्ष वा सहायता कक्षको व्यवस्था गर्नुपर्नेछ।

(५) गुनासो व्यवस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३५.<u>स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ब्यवस्थाः</u>** (१) कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिई स्वास्थ्यकर्मीलाई घेराउ, अपमान जनक व्यवहार वा हातपात गर्न र स्वास्थ्य संस्थामा तोडफोड, आगजनी वा यस्तै अन्य कुनै कार्य गर्न गराउन हुँदैन ।

(२) कसैले कुनै स्वास्थ्यकर्मी उपर वा स्वास्थ्य संस्थामा उपदफा (१) विपरीतको कुनै काम कारबाही गरेमा वा गर्न लागेमा वा गर्न उत्प्रेरित गरेमा त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले स्थानीय प्रशासनसँग सुरक्षाको माग गर्न सक्नेछ ।

(३) कुनै ठाउँ र अवस्थालाई विचार गर्दा कुनै स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवामा अवरोध पुग्न जाने भई स्थायी रुपमा सुरक्षाको व्यवस्था गर्न आवश्यक भएमा गाउँपालिकाले त्यस्तो स्वास्थ्य संस्थामा स्थायी रुपमा सुरक्षाको व्यवस्था गर्न सक्नेछ ।

(४) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३६.<u>सेवाग्राहीलाई जानकारी दिनुपर्नेः</u>** (१) प्रत्येक स्वास्थ्य संस्था तथा उपचार प्रदान गर्ने स्वास्थ्यकर्मीले सेवाग्राहीलाई देहायका विषयमा जानकारी दिनु पर्नेछः-

(क) सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना दिँदा निजको वा समुदायको हित विपरित हुन सक्ने पर्याप्त आधार भएमा वाहेक प्रत्येक सेवाग्राहीलाई आफ्नो स्वास्थ्य र उपचारको अवस्था,

(ख) रोगको निदान, निदान भएको रोगको प्राकृतिक परिणाम र उपचारसँग सम्वन्धित सेवाको स्तर र विकल्प,

(ग) स्वास्थ्य उपचार सम्बन्धी विकल्पसँग सम्वन्धित अनुमानित खर्च र सम्भावित परिणाम,

(घ) सेवाग्राहीले स्वास्थ्य सेवा अस्वीकार गर्दा उत्पन्न हुन सक्ने सम्भावित परिणाम, जोखिम र दायित्व ।

(२) स्वास्थ्य संस्थाले सेवाग्राहीलाई उपदफा (१) बमोजिमको जानकारी उपलब्ध गराउँदा सम्भव भएसम्म निजको बुझ्न सक्ने भाषामा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जनुसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना सम्वन्धित सेवाग्राहीलाई दिन नसकिने अवस्थामा निजको परिवारको उमेर पुगेको सदस्यलाई दिनु पर्नेछ ।

**३७.** **<u>सेवाग्राहीको सुसूचित सहमति (इन्फर्मड कन्सेण्ट) लिनुपर्नेः</u>** (१) प्रत्येक स्वास्थ्य संस्थाले सेवाग्राहीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदा निजको सुसूचित सहमति लिनु पर्नेछ ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि "सुसूचित सहमति" भन्नाले कानूनी रुपले सक्षम व्यक्तिले स्वास्थ्य सेवा लिन दिएको लिखित वा मौखिक सहमति सम्झनु पर्छ ।

(२) उपदफा (१) को प्रयोजनको लागि तोकिएको उपचार प्रदान गर्न लिखित सहमति लिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सेवाग्राहीको सुसूचित विना स्वास्थ्य सेवा प्रदान गर्न सकिनेछः-

(क) सेवाग्राहीले सहमति प्रदान गर्न क्ने अवस्थामा नरहेको र कसैलाई पनि त्यस्तो सहमति प्रदान गर्ने अनुमति वा अख्तियारी नदिएकोमा उपलब्ध भएसम्म क्रमशःनिजको पति वा पत्नी, वावु वा आमा, हजुरवुवा वा हजुरआमा, उमेर

पुगेका छोरा वा छोरी, दाजुभाइ वा दिदीबहिनी वा उपलब्ध सेवाग्राहीको निकटतम व्यक्तिले सहमति दिएको अवस्थामा,

(ख) प्रचलित कानून वा अदालतको आदेश बमोजिम सहमति विना नै स्वास्थ्य सेवा उपलब्ध गराइएको अवस्थामा,

(ग) कुनै व्यक्तिलाई उपचार नगर्दा जनस्वास्थ्यमा गम्भीर खतरा उत्पन्न हुने अवस्था रहेकोमा,

(घ) स्वास्थ्य सेवा उपलब्ध गराउन ढिलाई गरिएमा सम्बन्धित बिरामीको मृत्यु हुन सक्ने वा निजको स्वास्थ्यमा अपूरणीय क्षति पुग्न सक्ने सम्भावना रहेकोमा,

(ङ)सम्वन्धित व्यक्तिले व्यक्त वा अव्यक्त रुपमा वा आचरणद्वारा स्वास्थ्य सेवा लिन अस्वीकार नगरेकोमा,

(च) तोकिए बमोजिमको अन्य अवस्थामा ।

**३८. <u>उजुरी गर्न सक्ने</u>:** उपचारको क्रममा कुनै सेवाग्राहीको स्वास्थ्य उपचार प्रति निजलाई कुनै आशंका भएमा निजले उपचारमा संलग्न स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्था विरुद्ध तोकिएको निकायमा तोकिए बमोजिम उजुरी गर्न सक्नेछ।

**३९. <u>बिचौलियाको रूपमा कार्य गर्न नहुने</u> :** (१) कसैले पनि कुनै स्वास्थ्य संस्थामा उपचार गराउनको लागि आर्थिक लाभ लिएर बिचौलियाको रुपमा कार्य गर्नु हुदैन।

(२) उपदफा (१) बिपरित कसैले कार्य गरेमा दफा-५१ बमोजिम कसुर गरेको मानी दफा-५२ बमोजिम सजाय हुनेछ ।

## परिच्छेद-८

## जनस्वास्थ्य प्रवर्धन, फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वास्थ्य

४०. **जन स्वास्थ्य प्रवर्द्धनः** (१) गाउँपालिकाले कुनै पनि नीति तथा योजना तर्जुमा गर्दा त्यस्ता नीति, योजना तथा कार्यक्रमले जनस्वास्थ्यमा पार्ने सकारात्मक तथा नकारात्मक प्रभावको समेत आंकलन गरी तर्जुमा गर्नुपर्नेछ।

(२) खाद्यान्न, तरकारी तथा फलफुल, दुग्धजन्य पदार्थ, मासु जन्य पदार्थ, पानी लगायतका उपभोग्य वस्तुको उत्पादन, भण्डारण तथा बिक्रि वितरणलाई स्वच्छ र गुणस्तरीय बनाउन गाउँपालिकाले न्युनतम गुणस्तर मापदण्ड तोक्न सक्नेछ ।

(३) आवास तथा पुर्वाधार निर्माण, विज्ञापन तथा प्रचार प्रसार, सामाजिक संस्कृतिक अन्धविश्वासलाई जनस्वास्थ्यमा पार्ने असरलाई न्युनिकरण गर्न तथा नियमन गर्न गाउँपालिकाले प्रचलित कानून बमोजिम आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(४) जनस्वास्थ्य प्रवर्धनका लागि गाउँपालिका क्षेत्रमा रहेका रणनैतिक स्थानहरुमा सार्वजनिक शौचालय, योग तथा व्यायमशालाहरु, खुल्ला स्थान तथा खेल मैदानहरु, हरित उद्यान लागायतका सेवा तथा संरचनाहरु स्थापना तथा संचालन गर्नुपर्नेछ ।

(४) पेशागत स्वास्थ्य सुरक्षालाई व्यवस्थित र मर्यादित बनाउन गाउँपालिकाले आवश्यक मापदण्ड तयार गरि लागु गर्न सक्नेछ ।

(५) जनस्वास्थ्य प्रवर्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४१.** <u>**वातावरणीय स्वास्थ्यः**</u> (१) गाउँपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु गाउँपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ ।

(२) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि प्रचलित मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

४२. <u>**फोहोरमैला व्यवस्थापन**</u>ः (१) कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर कार्यपालिकाले तोकेको स्थान बाहेक अन्यत्र फ्याँक्न पाइने छैन ।

(२) फोहोरमैला व्यवस्थापनको लागि प्रचलित मापदण्ड अनुरुप कार्यपालिकाले उपयुक्त प्रकृया र विधि निर्धारण गर्नेछ ।

(३) कार्यपालिकाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाई सम्बन्धी छुट्टै मापदण्ड बनाई लागु गर्नेछ।

(४) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार जनस्वास्थ्य निरीक्षकसँग हुनेछ ।

(५) जाँच परिक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

४३. <u>**स्वास्थ्यजन्य फोहोर व्यवस्थापन**</u>ः (१) स्वास्थ्य संस्थाबाट उत्पन्न भएको फोहोरमैला तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन गर्नु सम्बन्धित संस्थाको दायित्व हुनेछ ।

(२) स्वास्थ्य सम्बन्धि फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि प्रचलित मापदण्ड बमोजिम कार्यपालिकाले निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(३)कार्यपालिकाले स्वास्थ्य क्षेत्रवाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसंग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ।

(४)फोहोरमैला व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

४४. **<u>सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः</u>** (१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) गाउँपालिकाले सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको विक्री बितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ ।

(३) गाउँपालिकाभित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन तथा प्रचार प्रसार गर्न पाइने छैन।

## परिच्छेद-९

## <u>प्रेषण, अभिलेखिकरण र स्वास्थ्य सुचना प्रणाली</u>

४५. **<u>प्रेषण तथा उपचार प्रणाली</u>**ः (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम  आएको सेवाग्राहीलाई आफ्नो स्वास्थ्य संस्थामा उपलव्ध हुने सेवा प्रदान गरी थप उपचार प्रदान गर्न नसकिने अवस्था भएमा सोको लागि तुरुन्त उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा रेफर (प्रेषण) गर्नु पर्नेछ ।

(३) कार्यपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न दोहोरो प्रेषण प्रणाली लागु गर्नेछ।

(४) गम्भीर अवस्थाका विरामी, गर्भवती महिला, विपन्न नागरिकलाई प्रेषण गर्दा एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ।

(५) प्रेषण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. **<u>परीक्षण प्रतिवेदनलाई मान्यता दिनुपर्नेः</u>** सम्वन्धित स्वास्थ्य संस्थाले कुनै स्वास्थ्य संस्थाबाट प्रेषण भै आएका व्यक्तिको सम्वन्धमा गरिएको परीक्षण प्रतिवेदनलाई मान्यता दिनु पर्नेछ ।

तर पुनःपरीक्षण गर्नुपर्ने भएमा आधार र कारण खुलाउनु पर्नेछ ।

४७. **<u>डिस्चार्ज (बर्हिगमन) सारांश दिनु पर्नेः</u>** प्रत्येक स्वास्थ्य संस्थामा भर्ना भएका बिरामीलाई डिस्चार्ज गर्दा त्यस्ता संस्थाले तोकिए बमोजिमको रिपोर्ट तथा जानकारी सहितको डिस्चार्ज सारांश दिनु पर्नेछ ।

४८. **<u>तथ्याङ्क संकलन र अभिलेखिकरण</u>**ः (१) कार्यपालिकाले गाउँपालिकाभित्र घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धि विस्तृत तथ्यांक र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ।

(२) गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवासम्बन्धी तथ्यांक र अभिलेखतोकिएकोस्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनुपर्ने छ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राख्नुपर्नेछ ।

(४) गाउँपालिका वा इजाजतपत्र स्वास्थ्य संस्था वा अनुमतिप्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्वन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवारप्राप्त व्यक्तिको दायित्व हुनेछ।

(५) गाउँपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धि सूचकांकहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ ।

(६) कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ।

४९. **<u>सर्वेक्षण गर्न सक्नेः</u>** कार्यपालिकाले आफ्नो क्षेत्रभित्रको स्वास्थ्य अवस्था र प्रणालीको वस्तुस्थिति बुझ्न र सो अनुरुपको योजना तर्जुमा गर्न आवधिक रुपमा तोकिए बमोजिमको ढाँचामा स्वास्थ्य सर्वेक्षण तथा अध्ययन गर्न सक्नेछ।

## परिच्छेद -१०

## <u>कसुर, जरिवाना र क्षतिपूर्ति</u>

५०. **<u>कसूर गरेको मानिने</u>**ः कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐनअन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) दफा-११ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वस्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा-३३ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) दफा-३३ बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐनअन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा-४० बमोजिम कुनै स्वास्थ्य संस्थामा उपचार गराउनको लागि आर्थिक लाभ लिएर बिचौलियाको रुपमा कार्य गरेको पाइएमा,

(ठ) दफा-४१ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ड) दफा-४१ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ढ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा ।

**५१.** **<u>सजाय तथा</u>** **<u>जरिवाना</u>**: (१) दफा-५१ को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ,

(२) दफा-५१ को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ठ) र (ढ) बमोजिमको कसूर गरेमा गाउँपालिकाले पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना गर्न सक्नेछ।

(३) दफा-५१ को खण्ड (ड) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई गाउँपालिकाले दश हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ ।

(४) दण्ड, सजाय र जरिवाना सम्बन्धि अन्य ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ।

**५२.** **<u>क्षतिपुर्ति दिनुपर्ने</u>**: (१) गाउँपालिकाभित्र कुनै व्यक्ति वा संस्थाले नियतबस यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीतका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा सम्बन्धित निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

**५३.** **<u>पुनरावेदन दिन सक्ने</u>** : दफा-५२ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

**५४.** **<u>सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्ने</u>**: प्रचलित मापदण्डका अतिरिक्त जनस्वास्थ्यमा सकारात्मक प्रभाव

पार्नेगरी विशेष काम गर्ने स्वास्थ्य संस्थाहरूलाई प्रोत्साहित गर्न गाउँपालिकाले सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेछ।

## परिच्छेद -११

## विविध

**५५. साझेदारी र सहकार्य गर्न सक्नेः** (१) गाउँपालिकाले स्वास्थ्य सेवा प्रवाह गर्न प्रचलित कानुनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहका सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्था, निकाय तथा संघ-संस्थासंग साझेदारी गर्न सक्नेछ।

(२) स्वास्थ्य सेवा प्रवाहको सुलभता र खर्च न्यूनिकरणको लागि गगाउँपालिकाले अन्य स्थानीय सरकारसंग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सक्नेछ ।

**५६. सेवा खरिद सम्झौता गर्न सक्नेः** गाउँपालिका क्षेत्रका वासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र संचालित वा आसपासमा पायक पर्ने स्थानमा संचालित सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थासंग सेवा खरीद सम्झौता गर्न सक्नेछ।

**५७. विद्यालय स्वास्थ्य सेवाः** (१) गाउँपालिकाले सरकारी तथा निजी शैक्षिक निकाय तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धि व्यवस्थाको प्रकृति र मापदण्डहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**५८. घुम्ती शिविर सम्बन्धि व्यवस्थाः** (१) स्वास्थ्य सम्बन्धी घुम्ती शिविर वा स्वास्थ्य सम्वन्धी अन्य सेवा तथा कार्यक्रमहरु प्रचलित कानून बमोजिम अनुमति लिई स्वास्थ्य शाखाको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पूरा गर्नु पर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

५९. **<u>विशेषज्ञ स्वास्थ्य सेवाः</u>** (१) स्थानीय अवस्था र आवश्यकता तथा सेवाको प्रकृतिका आधारमा गाउँपालिकाले प्रचलित मापदण्ड बमोजिम स्थानीय तहमा संचालित स्वास्थ्य संस्था मार्फत विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न गाउँपालिकाले अन्य सरकारी तथा निजी वा गैरसरकारी स्वास्थ्य संस्थासंग साझेदारी गर्न सक्नेछ।

(३) स्वास्थ्य सेवामा नगरवासीको पहुँच पुर्याउन दुर चिकित्सा, स्वास्थ्य शिवीर, विद्युतिय स्वास्थ्य जस्ता प्रविधि तथा प्रकृया अबलम्बन गर्न सक्नेछ।

६०. **<u>सामाजिक सुरक्षा र स्वास्थ्य वीमाः</u>** गाउँपालिकाका सवै नागरिकलाई प्रचलित कानून बमोजिम अनिवार्य स्वास्थ्य वीमा कार्यक्रममा आवद्ध गराउन कार्यपालिकाले समन्वय र सहजिकरण गर्नेछ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु तय गरी सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(३) गाउँपालिकाले आर्थिक रूपले विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य विमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरूसंग समन्वय गर्नेछ ।

(४) गाउँपालिकाले महिला, वालवालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक र अन्य विशेष संरक्षणको आवश्यकता भएका लक्षित समुहका लागि कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमका विशेष कार्यक्रम निर्धारण गर्दा गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ।

६१. **समन्वय र सहजिकरण गर्नेः** स्वास्थ्य सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक अभियानमा गाउँपालिकाले आवश्यक समन्वय गर्नेछ।

६२. **अधिकार प्रयोग गर्न सक्नेः** यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ ।

६३. **प्रचलित कानून वमोजिम हुनेः** यस ऐनमा लेखिए जति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

६४. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार स्वास्थ्य शाखामा प्रत्यायोजन गर्न सक्नेछ ।

६५. **नियम बनाउन सक्नेः** यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आबश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

६६. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने र ऐन संशोधन गर्न सक्ने :** यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ र आवश्यकता भएमा संशोधन गर्न सक्नेछ।

६७. संशोधन **खारेजी र बचाउः** यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम गरेका काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ र यस ऐन उल्लेखित बुँदाहरु संघीय र प्रदेशको ऐन कानुन संग बाझिएमा संघिय र प्रदेशको ऐन कानुनहरु मान्य हुने छ ।

आज्ञाले,

नामः ऋषभ देव खनाल

प्रमुख प्रशासकीय अधिकृत